स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्मसँग टाढिनु कलाकारहरुको आ-आफ्नै कथा हुन्छन् । कसैलाई व्यक्तिगत जीवनले फिल्मबाट टाढा राख्छ । अभिनेता सलिनमान बनियाँको हकमा भने स्वइच्छा बढी देखिन्छ । अभिनयलाई लिएर उनको आलोचना नभएको होइन । फिल्मबाट टाढिँदै गएका सलिन यतिबेला व्यवसायमा जमिरहेका छन् । हालै उनले बसन्तपुरमा एक रेस्टुरेन्ट खोलेका छन् । त्यसो त उनको पारिवारिक पृष्ठभूमि नै व्यापारिक हो । यसैले उनी पनि 'विजनेशम्यान' बन्ने प्रयासमा छन् ।

**आजको विचार...**



नेपालमा..
(दुई पेजमा)

खगेश्वरी जागरी

फिल्म 'मायाका रंगहरु'मा नायक पल शाहपछि अर्का नायक कुन्दन भारद्वाज अनुबन्धित भएका छन् । कुन्दन भोजपुरी फिल्म तथा टेलिफिल्ममा अभिनय गरेका छन् । 'मायाका रंगहरु'लाई केवल तामाङले निर्माण तथा निर्देशन गर्दैछन् । फिल्मको मुख्य भूमिकामा पल शाहले अभिनय गर्नेछन् । यो इन्डो नेपाली फिल्मको छायांकन फागुन अन्तिम सातादेखि भारतको सिक्किममा सुरु हुनेछ । कुन्दन भारद्वाजले सोनी टिभिबाट प्रसारित सिरियल महाराणा प्रताप, सिंहासन, महावली हनुमान अनि बलिउड फिल्म श्रीदेवी बङ्गलो र मिशन चाइनामा मुख्य अभिनेताको रुपमा काम गरिसकेका छन् ।



❐ वर्ष २९ ❐ अंक १५३ ❐ २०८० पुस १५ गते आइतबार 31 December 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# सिजी सिमेन्ट उद्योग र स्थानीयबीच टकराव बढ्दै

## जबर्जस्ती कम्पनीले ताला फोरेपछि स्थानीय थप आक्रोशित

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस १४/केहि समययता पाल्पामा सञ्चालित सिजी सिमेन्ट उद्योग र स्थानीय बिच विवाद बढ्दै गएको छ । जिल्लाको रैनादेवी छहरा गाउँपालिका-२ सोमादीमा रहेको सिजी सिमेन्ट उद्योगले स्थानीयका सामान्य माग सम्बोधन नगरी जबर्जस्ती ढंगले काम गर्न खोजेपछि उद्योग र स्थानीयबीचको टकराव बढ्दै गएको हो ।

नेपाल सरकारसँगको सम्झौता अनुसार काम सुरु गरेको उद्योगले स्थानीयहरुलाई असर नपुग्ने गरी काम गर्ने भनेको भएपनि सम्झौता अनुसार गतिविधि नगरेपछि स्थानीयहरु उद्योगका विरुद्ध आन्दोलित हुँदै आएका छन् । उद्योगले धूलोधूवा गराएको, तीब्र गतिमा टिपर चलाएको, जथाभावी फोहोर गरेको,




वातावरणीय प्रदुषण बढाएको भन्दै स्थानीयले गत शनिबारदेखि उद्योगमा ताला लगाएका थिए, तर उक्त ताला कम्पनीले उनीहरुको मागलाई वेवास्ता गर्दै जबर्जस्ती फोरेपछि अहिले स्थानीय थप आक्रोशित बनेका हुन् । आफुहरुको माग सम्बोधन गर्नुको सट्टा कुनै पनि जनतासँग राय नलिई कम्पनीले जर्बजस्त ढंगले ताला फोर्ने काम गरेको भन्दै स्थानीयहरुले शुक्रबारदेखि थप संघर्षका कार्यक्रम अगाडि बढाएका छन् । अहिले उनीहरुले उद्योगमा धर्ना र नारा जुलुस गर्दै आएका छन् । पिडितहरुले कम्पनीको काम नै अवरुद्ध गर्दै आन्दोनस्वरुप धर्ना र नारा, जुलुस गरेका हुन् । स्थानीयले 'स्वास्थ्य माथिको खेलवाड बन्द गर', 'कम्पनी सञ्चालनको मापदण्ड पूरा गर', 'प्रदूषण नियन्त्रण गर' जस्ता नारा लगाउँदै उद्योग क्षेत्रमा प्रदर्शन गरेका छन् । पटक-पटक आफ्ना मागहरु सम्बोधन गर्न आग्रह गरे पनि कम्पनीले स्थानीयलाई बेवास्ता गरेका कारण आफुहरु थप आन्दोलित बन्नु परेको स्थानीय केशव पोखरेलले बताए । उनले भने,'हामीले केही दिन अघि शान्तिपूर्ण रुपमा आफ्ना मागहरु राख्न ताला लगायौं, हाम्रा माग पूरा गर्न त कहाँ हो कहाँ उल्टै ताला फोरेर कम्पनीले हामी माथि दमन गर्न खोज्यौं, त्यसका विरुद्ध हामी थप आन्दोलित हुनु परेको हो ।' अहिले उद्योगका कुनै पनि काम सञ्चालन नभएको र स्थानीयहरु जुलुस, धर्नामा बसिरहेको पोखरेलले एनजेडीसँगको कुराकानीमा बताए । आफ्ना माग पूरा नहुञ्जेल आन्दोलन जारी रहने उनले बताए । स्थानीय जनप्रतिनिधि, कम्पनीका कर्मचारीसँग पटक-पटक वार्ता भए पनि त्यसले साथर्तकता प्राप्त गर्न सकेको छैन् । स्थानीयहरु अब सामान्य वार्ता गर्ने पक्षमा नरहेको पोखरेलले बताए । उनले भने, 'अब हामी कम्पनीको तल्लो लेवलको कर्मचारीसँग वार्ता गर्दैनौं, कम्पनीको चियर मेन, प्रमुख जिल्ला अधिकारी र स्थानीय जनप्रतिनिधिहरुसँग भए मात्र वार्ता बस्न सक्छौं अन्यथा हामी सशक्त आन्दोलनमै जान्छौं ।' कम्पनीका प्रशासन प्रमुख पदमबहादुर सिंहले भने सहमतिमै ताला खोलेको दावी गरेका छन् । उनले भने,'हामीले आफ्नो ताला खोल्न किन जबर्जस्ती गर्नु पर्‍यो र ? सबैको सहमतिमा ताला खोलेका हौं ।' वडा अध्यक्षको रोहवरमा नेपाल प्रहरी, स्थानीयहरुको उपस्थितीमा ताला खोलिएको सिंहको भनाई छ । 'स्थानीयका मागलाई सम्बोधन गर्ने प्रतिवद्धतासहित हामीले ताला खोलेका हौं, तर केही एक/दुई जना स्थानीयका कारण नारा, जुसुल भएको छ ।' वडाका जनप्रतिनिधिको विश्वासमा आफुहरुले ताला खोलेको प्रमुख सिंहको दावी छ । स्थानीयले भने आफुहरुसँग कुनै पनि सम्झौता नगरी जबर्जस्ती रुपमा कम्पनीले ताला खोलेको भन्दै नारा, जुलुस गर्दै आएका छन् । उद्योगबाट निस्किने धूलोधूवा, तीब्र गतिमा टिपर सञ्चालन, जथाभावी फोहोर जस्ता कुराले वातावरणीय प्रदुषण बढ्दै गएकोले आफुहरु मर्कामा परेको स्थानीयको भनाई छ । सिमेन्ट उत्पादन प्लान्टबाट निस्केको धुलो स्थानीयको घरभित्र पस्ने गरेको छ । धुलोका कारण स्वास्थ्यमा असर परिरहेको र बस्तीमा बस्नै नसक्ने स्थिति उत्पन्न भएको स्थानीयको गुनासो छ । सिमेन्ट उद्योगबाट निस्केको प्रदुषणका कारण तरकारी र गाई बस्तुले खाने घाँसमा समेत असर पुगेको छ । विशेष गरी रिब्दीकोट गाउँपालिका-१ को जोगिथुम, करेचौंर, भाती, रैनादेवी छहरा गाउँपालिका- २ को सोमादी, सर्देवा, छत्रादी, भूतखोला, भोटानी, सिद्देश्वर लगायतका प्रभावित स्थानीयहरु आन्दोलित बन्दै आएका छन् । उद्योगले जवरजस्ती आफ्नो गतिबिधि अगाडि बढाएका कारण स्थानीय तहका जनप्रतिनिधि समेत दिक्क बनेका छन् । 'सिमेन्ट प्रालीसँग स्थानीयहरु असन्तुष्ट छन्' रैनादेवी छहरा गाउँपालिकाका-२ वडाअध्यक्ष दानबहादुर पौडेलले भने 'यहाँको समस्या र गुनासोका विषयमा उद्योग र स्थानीयसँग निरन्तर छलफल गरिरहेका छौं, तर पनि सहमति हुन सकेको छैन ।' आफु अहिले पनि उद्योग र स्थानीय बिचको विवाद मिलाउने प्रयासमै रहेको उनले बताए । धूलोधूवाबाट स्थानीय आजित भइसकेकाले यसतर्फ ध्यान दिन र स्थानीयका माग सम्बोधन गर्न पहल गरिरहेको अध्यक्ष पौडेलले एनजेडीलाई जानकारी दिए । मापदण्ड भन्दा बढी चुनढुङ्गा र क्लिङ्कर बोकेर दैनिक दर्जनौको संख्यामा सञ्चालन हुने उद्योगका टिपरहरुले सडक तहस नहस बनाएको मात्र छैन उद्योग नजिकै रहेका घरहरु समेत बस्ना लायक अवस्थाका छैनन् । पहाड रित्याउँदै दैनिक हजारौ टन चुनढुङ्गा र क्लिङ्कर खपत गर्ने उद्योग स्थानीयका समान्य माग समेत पुरा नगर्दा पटक-पटक स्थानीय आन्दोलित बन्दै आएका छन् ।

## संक्षिप्त समाचार

### गोली चल्दा छ जनाको मृत्यु

**(रासस/एएफपी)**

**मेक्सिको सिटी,** पुस १४/ मेक्सिकोको उत्तरपश्चिमी क्षेत्रमा शुक्रबार एक पार्टीमा बन्दुकधारीले गोली चलाएपछि भएको झडपमा छ जनाको मृत्यु भएको छ ।

सोनोरा राज्यका अभियोजकको कार्यालयले भनेको छ, 'हत्याको प्रयास, हत्या, स्वतन्त्रता हरण र आपराधिक सम्बन्धको लागि पक्राउ पुर्जी जारी गरिएका आपराधिक समूहको नाइकेविरुद्ध भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।' काजेमे नगरपालिकामा बिहानै भएको आक्रमणमा परी पाँच जनाको मृत्यु हुनुका साथै २६ जना घाइते भएका छन् । घटनामा आक्रमणकारी पनि मारिएको बताइएको छ ।

सन् २००६ देखि लागू औषध सम्बन्धी हिंसामा परी चार लाख २० हजारभन्दा बढी मानिसको हत्या भइसकेको मेक्सिकोमा बन्दुकधारीहरूले सामाजिक जमघटलाई लक्षित गरेको इतिहास छ । गत डिसेम्बर १७ मा मध्य राज्य ग्वानाजुआटोमा मेक्सिकोका युवाहरूले भाग लिएको क्रिसमस पार्टीमा बन्दुकधारीहरूले अन्धाधुन्ध गोली चलाउँदा ११ जनाको मृत्यु भएको थियो ।

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।

**त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# आज 'पुसे पन्ध्र' र ल्होसार पर्व मनाइँदै, देशभर सार्वजनिक विदा

**सीमा भट्टराई**

**पाल्पा,** पुस १४/आज 'पुसे पन्ध्र' र तमु ल्होसार पर्व धुमधामका साथ मनाइँदैछ । विशेष गरी मगर समुदायसँगै अन्य जातिले पन्ध्र पुस र गुरुङ्ग समुदायले तमु ल्होसार पर्व धुमधामका साथ मनाउन लागेका हुन् । विभिन्न समुदायका नागरिकहरुले परम्परा अनुसार नै 'पुसे पन्ध्र' पर्व धुमधामका साथ मनाउने गर्दछन् । हरेक वर्ष पुस १५ का दिन विशेषगरी तरुल, सक्खरखण्ड, फर्सी, पिँडालु



लगायतका माटोमुनि उम्रिने चिजलाई उसिनेर खाने चलन छ । माटोमुनि उम्रिने पदार्थ खाँदा जाडो भाग्ने र शरीरमा स्फूर्ति, तागत बढ्ने भएकाले खाने गरिएको पुराना पुस्ताहरु बताउँछन् । आजको दिन सबै परिवार एकै ठाउँ बसेर रमाइलो गरिन्छ । यहाँका प्राय: सबै नागरिक घरमा लगाएको र जंगलमा पाइने तरुल खनेर उसिनेर खान्छन् । आज तरुल खानैपर्ने मान्यता रहेकाले पाल्पा, गुल्मी लगायत देशैभरका बजार क्षेत्रमा शनिबार तरुल किन्नेको घुइँचो लागेको थियो । नेपालका केही केही स्थानमा गाउँखाने र दन्त्य कथा सुन्ने तथा सुनाउने मौलिक पर्वका रुपमा 'पुसे १५' लाई लिने पनि गरिन्छ । यस दिन राति कथा तथा लोककथा सुन्दै र सुनाउँदै मीठा मसिना परिकार खाएर रातभर जाग्राम बस्ने गरिन्छ । लोकसंस्कृतिको मौलिक पहिचान बोकेको पुस १५ गतेको रात वर्षभरिकै सबैभन्दा लामो रात भएको विश्वासमा पुसे १५ मनाउने गरिन्छ । -बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ल्होसार र पुसे पन्ध्रको महिमा

पुस १५ विशेष दिनका रुपमा परिचित छ । आजकै दिन तमु ल्होसार पर्छ । यो गुरुङ जातिको महान चाड हो । यो चाड खासगरी नेपालमा र विश्वका अन्य देशहरूमा पनि मनाइन्छ । ल्होसार भनेको नयाँ वर्ष हो । हाल यो हिन्दू जातिको पात्रो विक्रम सम्वतको पुस महिनाको १५ गतेलाई आधार मानेर मनाइने चलन छ । गुरुङ समुदायलाई जनाउने अर्को नाम तमु हो । तमु ल्होसारले गुरुङ समुदायको भित्तेपात्रोमा नयाँ सम्वत सुरु भएको संकेत गर्दछ । प्राचीन तमु प्यो शास्त्रको अनुसार तमु ल्होसारको दिन तमुहरूका प्रथम महापुरुषको उत्पत्ती भएको मानिन्छ । तमु ल्होसार कुनै राजनीतिक र धार्मिक घटनासँग जोडिएको पर्व होइन । यो केवल प्रकृतिसँग सम्बन्धित पर्व हो । यो एक साझा पर्व हो । यसको अन्तर्राष्ट्रिय सम्बन्ध पनि छ । पश्चिमेली विद्वानहरुले वर्ष दिनभरिमा २२ डिसेम्बरको रातलाई सबैभन्दा लामो रात भनेका छन् । त्यसैगरी वर्ष दिनभरि २१ जुनलाई सबैभन्दा लामो दिन भनेका छन् । यसमा नेपालको मान्यतालाई दाँजेर हेर्दा नेपालमा असार १५ सबैभन्दा लामो दिन मानिन्छ । उक्त दिन जुन २१ मा पर्छ र असारको नजिक नजिक हुन्छ । त्यस्तै, पुस १५ र २२ डिसेम्बर नजिक-नजिक पर्छन् । पुस १५ को दिनमा नभईकन पुस १५ भन्दा ६-७ दिनअघि पुसको ६-७ गतेदेखि नै दिन लामो हुँदै जान्छ । यो आभास हामीले गरिसकेको हो । पुस १५ गतेदेखि दिन लामो हुँदै जान्छ भन्ने पहिलेदेखिको मान्यता हो ।

सबै चाडपर्वको आ-आफ्नै महत्व र महिमा छ । प्रत्येक चाडपर्वको उद्देश्य फरक-फरक छ । जसरी भौगोलिक रुपमा विविधतायुक्त रहन्छ त्यसैगरी संस्कृतिमा पनि विविधतायुक्त रहने गर्दछ । त्यस्तै पुस १५ अन्य समुदायमा पनि विशेष रहने गर्दछ । पुस १५ मा खाजा खाने प्रचलन रहेको छ । घरपरिवारमा मिठो मसिनो खाने, साथीभाइसँग वनभोज जाने प्रचलन देखिन्छ । यसैगरी मगर युवा-युवतीहरूले पुस १५ को दिनमा खुवा खाएर आफ्नो जीवनसाथी रोज्छन् । गुरुङहरूले दिन लामो हुँदै जाने पुस पन्ध्रलाई नयाँ वर्ष मान्छन् । यसलाई तिब्बती भाषामा लोसार भनिन्छ । 'लो' भनेको वर्ष र 'सार' भनेको नयाँ हो । यही ल्होसारलाई नेपालका थकाली तामाङ र गुरुङले ल्होछार भन्छन् । 'ल्हो' बाट 'लो' र 'सार'बाट 'छार' भएको छ । लोसार तिब्बती भाषाको शब्द हो र ल्होछार चाहिँ गुरुङ भाषाको शब्द हो । पहाडी समुदायमा पुसे १५ लाई पर्वकै रूपमा लिने गरिएको पाइन्छ । यस्ता पर्वहरूले आम नेपालीलाई एकताबद्ध गर्न महत्वपूर्ण भूमिका खेल्छन् । यसर्थ आज परेको पुस १५ र ल्होसार पर्वले धार्मिक सहिष्णुता, एकता र बन्धुत्व कायम गर्न सकोस् सबैमा शुभकामना !

### Opinion @ Social Network

धिक्कार छ नियती !
कोरिया जान पनि होइन, जानु पुर्व कोरियन भाषा परीक्षामा सामेल हुन पाउनु पर्छ भन्दा प्रहरीको गोली लागेर एक युवकको मृत्यु ।
(शाइग्रेश पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/saigraceofficial)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा बोरो धानको खेती



**खगेश्वरी जागरी**

*मोरङ, झापा, सर्लाही, नवलपरासी र सिरहा जिल्लामा बोरो धान खेतीमा सफलता देखिएको छ र यो सिँचाइमा सुविधा भएको क्षेत्रमा समेत लोकप्रिय बन्दै गएको छ । बोरो धानले प्रतियुनिट क्षेत्रफलमा धानको उत्पादन बढाउनसक्ने क्षमता राखेको छ तर अझै पनि कम क्षेत्रफलमा यसको खेती गरिएको छ । सिँचाइ हुने क्षेत्रहरुमा, बोरो धान दोहोरो धान खेतीको विकल्प हो जहाँ किसानहरू गहन उत्पादन प्रविधि अपनाउन तयार हुन्छन् । झापा, मोरङ र नवलपरासी जिल्लामा परम्परागतरूपमा यसको खेती हुनेगरेको छ । यसको बीउ अक्टोबर/नोभेम्बर महिनामा राखिन्छ, जनवरी/फेब्रुअरीमा रोपिन्छ र मे/जुनमा बाली भित्र्याइन्छ । बाली असफल हुने कम जोखिम, उच्च इनपुट प्रयोग र कम कीरा र रोगहरुको प्रकोपको कारणले यसमा अन्तर्निहित उच्च उत्पादन क्षमता छ । बोरो धान प्रतिहेक्टर ६.५ देखि ७.५ टनसम्म उत्पादन हुनेगरेको पाइएको छ । कम बादल, पर्याप्त घामको किरण र चिसो रातका कारण बोरोको उच्च उत्पादन हुन्छ । राष्ट्रिय धान अनुसन्धान कार्यक्रम ( एनआरआरपी) ले सन् १९५० को दशकबाट विभिन्न प्रजातिहरुको विकासको लागि विदेशी प्रजातिहरू र स्थानीय जातहरुको सङ्कलन, उपयोग र चयन गर्न प्रणालीगत प्रजनन कार्यहरू सुरु गरेको थियो ।*

धानको इतिहास धेरै पुरानो छ । धान बालीको उब्जनी पाँच हजार वर्ष ईसापूर्वबाट सुरु भएको विश्वास इतिहासकारहरूको छ । यसको पहिलो जानकारी २८०० ईसापूर्व चीनमा उल्लेख भएको पाइएको छ। धान दक्षिण एसिया र नेपालमा प्रमुख खाद्यान्न बाली हो। आर्थिक वर्ष २०२०/२०२१ को अनुमानअनुसार १४ लाख ७३ हजार ५०० हेक्टरमा धान बाली उत्पादन गरी ५६ लाख २१ हजार मेट्रिक टन उत्पादन भएको थियो भने उत्पादकत्व ३.८१५ टन प्रति हेक्टर रहेको थियो ।

सन् २०२२/२०२३ मा देशमा ७ लाख २४ हजार मेट्रिक टन चामल आयात गरिएको थियो भने स्वदेशी उत्पादन ५ लाख ८६ हजार टन थियो । यो बजारको माग धान्न अपुग थियो । नेपालमा धानको उत्पादनमा ह्रास र उपभोगमा वृद्धि भएसँगै चामलको माग पूरा गर्न आयात गर्नुपरेको हुन्छ । बढी जमिनलाई उत्पादनमा ल्याउने सम्भावना कम भएकोले ज्ञान, विज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित खेती गरेर प्रतिहेक्टर उत्पादकत्व बढाउनुपर्छ । यो अभाव परिपूर्ति गर्ने राम्रो उपाय दोहोरो धान खेती हुन सक्छ । नेपालको पूर्वी तराईमा खेती गरिने 'बोरो धान' दोहोरो खेतीको लागि र आन्तरिक उत्पादनलाई वृद्धि गर्न उपयुक्त छ । बोरो राइसलाई हिउँदे धान भनेर चिनिन्छ ।

'बोरो' एक बंगाली भाषाको शब्द हो जुन संस्कृत शब्द 'बोरोब' बाट आएको हो । यसको अर्थ सिञ्चित क्षेत्रमा नोभेम्बरदेखि मेसम्मको खेतीलाई बुझाउँछ । पूर्वी तराईमा जाडो मौसमको अवधि छोटो हुने र पानी जमेको माटोको बाहुल्यका कारण गहुँ खेतीका लागि अनुकूल वातावरण छैन । त्यसैगरी त्यस्ता क्षेत्रमा गहुँबालीमा बाँझोपन पनि गम्भीर समस्या बन्दै गएको छ । तसर्थ, किसानले त्यस्ता क्षेत्रमा गहुँ खेती गर्न रुचाउँदैनन् ।

सिँचाइ सुविधा उपलब्ध भएपछि भने किसानहरू ती क्षेत्रमा गहुँभन्दा वसन्त वा बोरो धानमा जमिन छुट्याएर अधिकतम उत्पादन गर्न रुचाउँछन् । मोरङ, झापा, सर्लाही, नवलपरासी र सिरहा जिल्लामा बोरो धान खेतीमा सफलता देखिएको छ र यो सिँचाइमा सुविधा भएको क्षेत्रमा समेत लोकप्रिय बन्दै गएको छ । बोरो धानले प्रतियुनिट क्षेत्रफलमा धानको उत्पादन बढाउनसक्ने क्षमता राखेको छ तर अझै पनि कम क्षेत्रफलमा यसको खेती गरिएको छ । सिँचाइ हुने क्षेत्रहरूमा, बोरो धान दोहोरो धान खेतीको विकल्प हो जहाँ किसानहरू गहन उत्पादन प्रविधि अपनाउन तयार हुन्छन् । झापा, मोरङ र नवलपरासी जिल्लामा परम्परागतरूपमा यसको खेती हुनेगरेको छ । यसको बीउ अक्टोबर/नोभेम्बर महिनामा राखिन्छ, जनवरी/फेब्रुअरीमा रोपिन्छ र मे/जुनमा बाली भित्र्याइन्छ । बाली असफल हुने कम जोखिम, उच्च इनपुट प्रयोग र कम कीरा र रोगहरूको प्रकोपको कारणले यसमा अन्तर्निहित उच्च उत्पादन क्षमता छ । बोरो धान प्रतिहेक्टर ६.५ देखि ७.५ टनसम्म उत्पादन हुनेगरेको पाइएको छ । कम बादल, पर्याप्त घामको किरण र चिसो रातका कारण बोरोको उच्च उत्पादन हुन्छ । राष्ट्रिय धान अनुसन्धान कार्यक्रम (एनआरआरपी) ले सन् १९५० को दशकबाट विभिन्न प्रजातिहरूको विकासको लागि विदेशी प्रजातिहरू र स्थानीय जातहरुको सङ्कलन, उपयोग र चयन गर्न प्रणालीगत प्रजनन कार्यहरू सुरु गरेको थियो । मोरङ जिल्लाको रंगेली र यसका छेउछाउका गाउँहरूमा तुलनात्मकरूपमा थोरै भए पनि यी गाउँहरूमा काम गर्न आएका आसामका मजदुरहरूको सहयोगमा बोरो धानको खेती सुरुभएको थियो । सन् १९९० अन्त्यतिर मोरङ र झापामा परीक्षणको काम प्रारम्भ गर्न एनआरआरपी, परवानीपुर र क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहराको पहलमा बोरो सिजनमा १२ सामान्य धानका जातहरुको सेट बनाएर स्क्रिनिङ गरिएको थियो । तीमध्ये, 'जया' जातको धान चिसो सहने क्षमता र अन्न उत्पादनमा उत्कृष्ट रहेको थियो । पछि, डा. पिटर हब्सले बंगलादेश र भारतबाट केही उच्च वर्गको बोरो धान ल्याएर यसमा थप काम गरेका थिए । नतिजाका आधारमा जया, डीआर-११ र बीआर २९ ले बोरो सिजनमा राम्रो प्रदर्शन गरेको थियो । एनआरआरपीले झापा र मोरङ जिल्लाका कृषकमाझ बोरो धान जातको डीआर-११ र बीआर २९ प्रदर्शन गरेको थियो ।

किसानहरूले यी प्रजातिहरूलाई प्राथमिकता दिए र उनीहरूले डीआर-११ र जया बोरो सिजनमा खेती गर्न थाले । एनआरआरपीले सन् २००० देखि इन्टरनेसनल नेटवर्क फर जेनेटिक इभ्यालुएसन अफ राइस, ( आईएनजीईआर) नर्सरीमार्फत बोरो धानका जात परीक्षण गर्न थालेको थियो । त्यस यता बोरो सिजनका लागि उपयुक्त धानका जात पहिचान गर्न आईएनजीईआर नर्सरी सञ्चालन भइरहेको छ । यसको आधारमा एसएसीजीए-४ बोरो सिजनमा रिलीजको लागि प्रस्तावित उपयुक्त जीनोटाइप मानिएको छ । उच्च उत्पादन र राम्रो बजार मूल्य हुने भएकाले बोरो धान खेतीमा किसानहरू चासो बढ्दो क्रममा छ । व्यापारीहरूले यसलाई चिउरा उत्पादनको लागी प्रयोग गर्ने भएकाले भर्खरै काटिएको अन्न पनि महँगो मूल्यमा बेच्न सकिन्छ । पूर्वी तराईको धेरैजसो जमिनमा चिस्यान बढी छ जुन जाडोमा दलहन बाली र गहुँ खेती गर्न उपयुक्त हुँदैन । तर, यी जमिनलाई सन्तोषजनक उत्पादनसहित बोरो धान खेती गर्न प्रयोग गर्न सकिन्छ । उच्च उत्पादन र कम रोग तथा कीरा संक्रमण हुने भएकाले यसको उत्पादनमा जोड दिन आवश्यक छ । बोरो धानको उत्पादन वृद्धि गरेर खाद्य सुरक्षा सुनिश्चित गर्न सकिन्छ । अपर्याप्त बोरो जात, गुणस्तरीय बीउको अभाव, अपर्याप्त प्राविधिक ज्ञान, सिँचाइको अभाव र बजार मूल्य बोरो धानको विस्तारका लागि सामान्य बाधा रहेको पाइएको छ । बोरो धानका लागि विकास गरिएका जातहरू जलवायु परिवर्तनका कारण बिस्तारै लोकप्रियता गुमाउँदै गएका छन् । ती जातहरूले किसानहरूको सामाजिक र सांस्कृतिक आवश्यकता पनि पूरा गर्नसकेका छैनन्। त्यस्तै, एउटै जीनोटाइपको बोरो धान खेतीमा प्रयोग भइरहेकाले विभिन्न रोग र कीराहरुको समस्याले सताउने समस्या उजागर हुने संभावना उच्च हुन्छ । नोभेम्बरको मध्यदेखि फेब्रुअरीको मध्यसम्ममा प्रायः १५ डिग्री सेल्सियसभन्दा कम तापक्रममा जाने भएकाले बोरो उत्पादकहरूले सामना गर्ने प्रमुख समस्या भनेको बिरुवाको फिजियोलोजी र जैविक रासायनिक प्रक्रियालाई असर पर्ने र बिरुवाको प्रारम्भिक विकासमा नकारात्मक प्रभाव पर्दा उत्पादनमा ह्रास आउने हो। बिरुवाको प्रारम्भिक समयमा चिसोको चोट सहन सक्ने र छोटो अवधिको बोरो धानका जात अहिले किसानको माग हो । नेपालजस्तो देश जहाँ सीमित जमिन छ त्यहाँ एकल धान खेतीबाट रूपान्तरण गर्न जरुरी छ । अहिलेको समयमा उत्पादन लागतमा न्यूनीकरण गरी उत्पादन वृद्धिमा ध्यानाकर्षण गरेर सरकारले बोरो धान खेती विस्तार गर्न तत्पर रहनुपर्छ । पछिल्लो दश वर्षमा किसानहरूले लिने कृषि ऋण १०प्रतिशतले घट्दै गइरहेको देखिन्छ । तसर्थ नेपालमा कृषि तथा धान खेती बढाउन कृषि अनुदानमा वृद्धि गर्न पनि अत्यावश्यक देखिन्छ । जलवायु परिवर्तन सहन सक्ने जातको अनुसन्धान गरी गुणस्तरीय बीउ उपलब्ध गराउन सकिएमा बोरो धान खेती बिस्तार सहज र फाइदाजनक हुनेछ । एकीकृत कीट व्यवस्थापनको ज्ञानको प्रयोग गरेर लाग्ने विभिन्न रोग तथा कीराको व्यवस्थापन गर्न सकिन्छ । बोरो धान खेती सम्बन्धी प्रसार र तालिमहरू किसानहरू माझ लगेर प्रोत्साहित गर्न पनि आवश्यक छ । चामल अभाव परिपूर्ति गर्नु अहिलेको समयमा एक ठूलो चुनौती रहेको छ । यसको उपयुक्त समाधानको लागि धेरै अनुसन्धान र उत्पादन वृद्धिका लागि किसानहरूलाई प्रोत्साहन दिनु अत्यावश्यक छ । बोरो धान खेती खाद्य सुरक्षा सुनिश्चित गर्ने एक उपयुक्त उपाय हुनसक्छ ।

**-ब्राहखरी डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

# कृषि

## तरकारी खेतीबाट पर्याप्त आम्दानी गर्दै बास्तोला



लगनशील हुने हो भने कृषि गर्न आफ्नै जग्गा चाहिन्छ भन्ने छैन, भाडामा लिएको जग्गाबाट पनि पर्याप्त आम्दानी गर्न सकिन्छ भन्ने यहाँका एक कृषक उदाहरण बनेका छन् ।

पोखरा महानगरपालिका-३१ नहर छेउ देउराली खोलास्थित भाडामा लिएको नौ रोपनी जग्गामा गरेको व्यावसायिक तरकारीखेतीबाट प्रशस्त आयआर्जन गर्न सफल कृषक गोविन्द बास्तोला यतिखेर सबैका लागि अनुकरणीय बनेका हुन् । पोखरा-२८ स्याङ्खुदी टारीको पैत्रिक सम्पत्ति भिरालो पाखोबाट तरकारीखेती सुरु गरेर अनुभव बटुलेका बास्तोला अवसर खोज्दै पाँच वर्ष अघि वेगनास तालको नजिक समथर र उर्वरभूमिमा परिवारसहित झरेका थिए । 'जीविकोपार्जनको आधार तरकारी थियो गाउँमा उत्पादन गरेको तरकारी बिक्रीका लागि डोकोमा बोकेर डुलाउँदा साह्रै दुःख थियो', ६२ वर्षीय कृषक बास्तोलाले भने, 'फाँटमा झरेपछि उत्पादन गरेको तरकारी खरिद गर्न व्यापारी बारीमै आउने गरेका छन् । शरीरले सुख पाउनुका साथै समयको समेत बचत भएको छ ।' मौसमी तथा बेमौसमी तरकारीखेती गरिरहेको भन्दै चार रोपनी क्षेत्रफलमा अहिले बन्दा, काउली र ब्रोकाउली खेती फस्टाएको बास्तोलाले बताए । बन्दा दैनिक दुई सय केजी बिक्री हुँदै आएको उनले राससलाई जानकारी दिए । सुरुका दिनमा प्रतिकेजी बन्दा रू ५० मा बिक्री गरे पनि पछिल्लो समय रू ३० मा बिक्री गर्दै आएको बताउँदै कृषक बास्तोलाले बताए । करिब १५ क्विन्टल बेच्दा रू ५० हजार आम्दानी भएको उनको भनाइ थियो । यस वर्ष तीन हजार पाँचसय क्विन्टल उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए । 'बन्दा सकिएपछि काउलीले उत्पादन दिन थाल्छ ।

यस सिजनमा बन्दा, काउली र ब्रोकाउलीका बिरुवा बिक्री गरेर रू ३० हजार आम्दानी भएको छ', उनले भने । बेमौसी तरकारी खेतीका लागि बारीमा १० वटा टनेल निर्माण गरिएको बताउँदै बास्तोलाकी श्रीमती चित्राकुमारी बास्तोलाले भने, 'चिसो मौसम सुरु भएसँगै टनेलभित्र काँक्रा, घिरौँला, करेला, सिमीजस्ता लहरेबाली लगाउने तयारी भएको छ । धान काटेपछि खेतमा दुई सय ५० केजी आलुको बीउ रोपेका छौँ ।' प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत विभिन्न समयमा फलामको टनेल दुई र कच्ची टनेल पाँच निर्माण, असिना छेक्ने जाली, हातेट्र्याक्टर लगायतमा ५० प्रतिशतका दरले एक लाखभन्दा बढी अनुदान प्राप्त भएको उनले जानकारी दिए । खानेपानी र विद्युत् छिमेकीको घरबाट उपयोग गर्दै आएको बास्तोलाले बताए । तरकारीखेतीका लागि आवश्यक सिँचाइको पानी वेगनाश नहरबाट मोटरको सहयताले तान्दा खर्चिलो हुने गरेको बताउँदै उनले टनेललगायत आवश्यक संरचना तयार गर्दा अहिलेसम्म रू १३ लाख लगानी भएको जानकारी दिए । 'तरकारी लगाएर बचेको जग्गामा धानखेती गर्दा ५६ मुरी उत्पादन भएको थियो । परिवारलाई एक वर्षलाई खान पुग्ने मनसुली धान राखेर बढी मूल्य पर्ने १७ मुरी जेठोबुढो धान बिक्री गर्दा रू ९० हजार आम्दानी भएको छ', बस्तोलाले भने, 'उत्पादित पराल गोठमा रहेका गाईलाई पुग्दछ ।' बिहान सूर्योदयदेखि साँझ सूर्य अस्ताउने समयसम्म माटोमा खेल्ने यस परिवारले वार्षिक रू एक लाख अग्रिम जग्गाको भाडा तिरेर खाद्यान्न र तरकारी बिक्रीबाट वार्षिक रू चार लाख बचत हुने गरेको बास्तोला दम्पत्तिको भनाइ थियो । उनका अनुसार बिदाका समयमा छोराबुहारीले सहयोग गर्दै आएका छन् । -रासस

## बेमौसमी मकै खेतीबाट आम्दानी



नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैँडाकोट नगरपालिका-६ का तिलकप्रसाद रिजालले अहिले दुई बिघा क्षेत्रफलमा मकैखेती गरेका छन् । विगत १५ वर्षदेखि बेमौसमी मकैखेती गर्दै आएका उनले हिउँदे मकैखेतीबाट रु पाँच लाख आम्दानी गर्ने गरेका छन् ।

रिजालले भने 'हरियो मकै बिक्रीका लागि समस्या नहुने तथा उत्पादन पनि राम्रो हुने भएकाले हामी मकै खेती गर्न थालेका छौँ ।' रिजाल पशु विकास कृषि फार्म दर्ता गरी व्यावसायिक रूपमा मकैखेती गर्दै आएका उनले हिउँदे मकै बिक्री गरी एउटा याममा चार लाखदेखि रु पाँच लाख सम्म आम्दानी गर्न थालेका छन् । 'बाह्रै महिना मकै उत्पादन हुने भएकाले यहाँका किसानले व्यावसायिक मकै खेती गरेर जिल्ला बाहिर बिक्री गर्दै आएका छौँ', उनले भने,'हरियो मकैको प्रतिघोगा रु पाँचदेखि रु दशका दरले तथा सुख्खा प्रतिक्विन्टल रु तीन हजारका दरले बिक्री हुने गरेको छ ।' बर्खे धान रोप्ने ठाउँमा दुई बाली र मकैमात्र लगाउँदा राम्रोसँग तीन बाली उत्पादन गर्न सकिने हुँदा आफूले पनि व्यावसायिक मकैखेती गर्दैआएको गैँडाकोटकै सरस्वती सापकोटाले बताइन् । व्यावसायिक मकैबाट राम्रो आम्दानी भएको र परिवारको खर्च धान्न पुग्ने सापकोटाले बताइन् । हरियो मकै पोलेर खान स्वादिष्ट हुने भएकाले मकै धेरै बिक्री हुनेगरेको सडक किनारमा मकै पोलेर बेच्दै आएकी स्थानीय सावित्री शर्माले बताइन् । 'प्रतिघोगा पाँचदेखि दशमा खरिद गरेर २० देखि २५ रुपैयाँमा पोलेको मकै बिक्री हुने गरेको छ', उनले भनिन् । जिल्लाको गैँडाकोट नगरपालिकाका किसान बेमौसमी मकैखेतीबाट मनग्य आम्दानी गर्दैआएका छन् । यहाँ उत्पादन भएको मकै जिल्लाको माग धानेर देशका मुख्य सहरमा निर्यात हुनेगरेको छ । जिल्ला बाहिर नारायणघाट, बुटवल, काठमाडौँ, पोखरालगायत मुख्य सहरमा पोलेर खाने हरियो मकै गैँडाकोटबाट निर्यात हुँदैआएको स्थानीय कृषकले बताएका छन् । गैँडाकोट नगरपालिका ६, ७ र ८ नम्बर वडालाई मकैको पकेट क्षेत्रको रूपमा घोषणा गरिएको गैँडाकोट नगरपालिका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले बताए । 'गैँडाकोटको नगरपालिकाको ५, ६, ७, ८ र ९ नम्बर वडामा बेमौसमी मकै उत्पादन हुनेगरेको छ, बाह्रैमास मकै उत्पादन हुनेभएकाले पनि यहाँका स्थानीय कृषक मकै व्यापारमा आकर्षित भएका छन्', उनले भने । गैँडाकोट नगरपालिकाभित्र ६६ हेक्टर क्षेत्रफलमा हिउँदे मकै लगाउने गरिएको छ । प्रतिहेक्टर चार सय ६२ मेट्रिक टन मकै उत्पादन भएको शर्माले बताए । 'आर्थिक वर्ष २०७८-७९ मा प्रतिहेक्टर तीनसय ५० मेट्रिक टन उत्पादन भएको थियो', उनले भने, '२०७९-८० मा एक सय १२ मेट्रिक टनले उत्पादनमा वृद्धि भई चार सय ६२ मेट्रिक टन मकै उत्पान भएको छ ।' गैँडाकोटमा बर्खे मकै सात हजार तीनसय ३३ हेक्टर क्षेत्रफलमा लगाइने गरेको छ । हिउँदको समयमा लगाइएका हरियो मकै मात्र तीन करोड बढीको गैँडाकोट क्षेत्रबाट बिक्री हुने गरेको कृषि शाखा प्रमुख शर्माले जानकारी दिए । -रासस

## प्यूठानमा धान उत्पादन बढ्यो



प्यूठानमा यस वर्ष धान उत्पादन वृद्धि भएपछि किसान खुसी भएका छन् । समयमै वर्षा, उन्नत जातको धानको बीउ छनोट र चैते धान दुई पटक खेती हुन थालेपछि जिल्लामा धान उत्पादनमा वृद्धि भएको हो ।

समान क्षेत्रफलमा दुई खेती धान र एक खेती गहुँ उत्पादन हुँदा बजारबाट चामल खरिद गर्न नपर्ने भएको ऐरावती गाउँपालिका-५ कि कृषक सम्झना राउतले बताए । गत वर्षको तुलनामा तीन हजार तीन सय ७० मेट्रिकटन बढी धान उत्पादन भएको जिल्लास्थित एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले जनाएको छ । प्यूठानका केही फाँटहरुमा सीमित सिँचाइ सुविधा उपयोग गरी कृषकले चैते धान खेती गर्न थालेका छन् । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका अनुसार गत वर्ष छ हजार एक सय ६५ हेक्टर क्षेत्रफलमा १८ हजार पाँच सय ९७ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष २१ हजार नौ सय ६७ मेट्रिकटन धान उत्पादन भएको छ । जिल्लामा सबैभन्दा बढी प्यूठान नगरपालिका र सबैभन्दा कम नौबहिनी गाउँपालिकामा धान उत्पादन हुने गरेको कार्यालयका कृषि अर्थ विज्ञ एवं निमित्त कार्यालय प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । जिल्लामा चैते धानखेती, उन्नत जातका बीउको प्रयोग गर्न थालिएको र मौसमले पनि साथ दिएकाले उत्पादनमा वृद्धि आएको उनको भनाइ थियो । श्रेष्ठले भने, 'प्यूठानका किसानले उन्नत जातका धानको बीउ प्रयोग गर्न थालेका छन् । यसले गर्दा चैते धान रोपेर दुई पटक भित्र्याउन सकिन्छ ।' किसानले खेतीमा नयाँ प्रविधिको प्रयोग थालेका उनले बताए । जिल्लाको प्यूठान नगरपालिका, मल्लरानी र ऐरावती गाउँपालिकाको ८० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको श्रेष्ठले जानकारी दिए ।

प्यूठानमा धान उत्पादन वृद्धि तथा प्रोत्साहनमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइले धान जोनका रुपमा काम गर्दै आइरहेको छ । धान उत्पादन वृद्धिका लागि यस वर्ष एक सय ५० हेक्टर बढीमा जमिनमा चैते धान लगाउने योजना रहेको कार्यालय प्रमुख कृषि अधिकृत चुमानसिंह गिरीले बताए । उनका अनुसार जिल्लामा किसानले चैते धानका रुपमा चैते पाँच, हर्दिनाथ-एक र हर्दिनाथ-तीन, नियमित धानका रुपमा राधा-१२, राधा-१४, सावित्री, हर्दिनाथ-छ जातका धान प्रयोग गर्दै आएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले चैते धान खेतीका लागि क्षेत्र विस्तार गरी उत्पादन बढाउन हर्दिनाथ-एक र हर्दिनाथ-तीन लाई यस वर्षदेखि विस्तार गर्न लागिएको गिरीले बताए । उनका अनुसार जिल्लामा ४२ हजार सात सय ६६ हेक्टर खेतीयोग्य जमिन भएकामा २२ हजार एक सय २५ हेक्टरमा खेती गरिन्छ । -रासस

## माछापालनतर्फ किसानको आकर्षण बढ्दो

पछिल्लो समयमा सुदूर पश्चिममा माछापालन व्यवसाय तर्फ कृषकको आकर्षण बढ्दै गएको छ । यहाँका करिब दुई सयभन्दा बढी प्राकृतिक तालतलैया र सयौँ कृत्रिम पोखरीमा व्यावसायिक माछापालन हुँदै आएको छ ।

सरकारी तथ्याङ्क अनुसार सुदूर पश्चिममा वार्षिक १० हजार मेट्रिकटन माछा उत्पादन हुँदै आएको छ । सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्ला माछा उत्पादनको प्रमुख केन्द्रका रुपमा विकसित हुँदै गएको मत्स्यविकास केन्द्र गेटा कैलालीका प्रमुख सूर्य शाहीले बताए । सुदूरपश्चिममा उत्पादित माछाले यहाँको ७५ प्रतिशत माग धानिरहेको बताउँदै उहाँले बाँकी २५ प्रतिशत भारत तथा अन्य प्रदेशबाट आयात भइरहेको जानकारी दिए ।

सुदूरपश्चिममा माछाको खपत पनि बढ्दै गएको छ । एक व्यक्तिले वार्षिक सरदर साढे दुई किलो माछा उपभोग गर्दै आएको केन्द्रको तथ्याङ्कले देखाएको छ । उत्पादनमा वृद्धिसँगै आउँदो १० वर्षमा प्रतिव्यक्तिलाई १० केजी उपभोग गराउने लक्ष्य रहेको कार्यालय प्रमुख शाहीले बताए । उनले आउँदो १० वर्षभित्र ३० हजार मेट्रिकटन उत्पादन पुऱ्याउने लक्ष्य रहेको जानकारी दिए । माछापालक कृषकले समयमा माछाको भुरा, दाना, औषधिलगायत आवश्यक सामग्री नपाउने समस्या रहेको बताइएका छन् । माछा व्यवसायतर्फ कृषकको आकर्षण बढ्दै गए पनि बजारीकरणमा निकै समस्या झेल्नु परेको शाहीको भनाइ थियो । कैलाली र कञ्चनपुरमा मात्रै वार्षिक चार हजार आठ सय मेट्रिकटन माछा खपत हुने गरेको छ । केन्द्रका अनुसार प्रदेश भरी वार्षिक करिब १० हजार मेट्रिकटन खपत हुने गरेको छ । मत्स्यविकास केन्द्रका अनुसार दुई जिल्लामा गरी एक हजार सात सय ५० हेक्टर जमिनमा रहेका पोखरीमा माछापालन गरिँदै आइएको छ । तीमध्ये एक हजार तीन सय हेक्टर प्राकृतिक र दुई सय ५० हेक्टर कृत्रिम ताल रहेका छन् । कृत्रिम तालमा प्रतिहेक्टर वार्षिक तीन मेट्रिकटन र प्राकृतिक तालमा प्रतिहेक्टर एक मेट्रिकटन माछा उत्पादन हुने गरेको छ । केन्द्रका प्रमुख शाहीका अनुसार सुदूरपश्चिममा ग्रासकार्प, सिल्भरकार्प, बिगेटकार्प, रौ, नैनी र भाकुर जातका माछापालन हुने गरेको छ । उनले पछिल्लो १० वर्षको अवधिमा सुदूरपश्चिमका पहाडी जिल्लाभन्दा कैलाली र कञ्चनपुरमा माछापालन व्यवसाय निकै फस्टाएको बताए । एक दशकअघिसम्म यी दुई जिल्लामा करिब ९० प्रतिशत भारतबाट आयात हुने माछा खपत हुने गरेकामा १० वर्षको अवधिमा आन्तरिक उत्पादन बढ्दै गएको जनाइएको छ । विभिन्न प्रजातिका माछाका भुरा उत्पादन गरेर मत्स्यपालक किसानलाई बिक्रीवितरण गर्दै आइएको जनाउँदै मत्स्यविकास केन्द्रले पछिल्ला वर्षमा लक्ष्यभन्दा बढी परिमाणमा भुरा उत्पादन भइरहेको उल्लेख गरेको छ । केन्द्रमा ह्यापाचलिङ, फ्राई, फिङ्गरलिङ र एडभान्स फिङ्गरलिङ साइजका माछाका भुरा उत्पादन गरी बिक्रीवितरण हुने गरेको छ ।

**लक्ष्य अनुसार राजस्व संकलन हुन सकेन**

कैलाली भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा लक्ष्य अनुसारको राजस्व संकलन गर्न सकेको छैन । मङ्सिर मसान्तसम्म रू चार अर्ब ५८ करोड ३५ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रू दुई अर्ब ९६ करोड ७१ लाखमात्रै संकलन भएको भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिए । खड्काका अनुसार चालु आवको साउनमा रू ७२ करोड ३५ लाख लक्ष्य रहेकामा रू ४६ करोड ८२ लाख, भदौमा रू ८८ करोड ४० लाख लक्ष्य रहेकामा रू ५१ करोड ९३ लाख, असोजमा रू ९७ करोड ८१ लाख लक्ष्य रहेकामा रू ६३ करोड १४ लाख, कात्तिकमा रू ९७ करोड ५२ लाख लक्ष्य रहेकामा रू ६१ करोड ६४ लाख र मङ्सिरमा रू एक अर्ब दुई करोड २५ लाख लक्ष्य रहेकामा रू ७३ करोड ३४ लाख मात्रै राजस्व असुली भएको छ । भन्सार कार्यालयको चालु आव २०८०/८१ मा वार्षिक राजस्व संकलनको लक्ष्य रू ११ अर्ब ५८ करोड २४ लाख रहेको छ । चालु आवको पाँच महिना अर्थात् मङ्सिर मसान्तसम्म रू दुई अर्ब ९६ करोड ७१ लाख मात्रै राजस्व संकलन भएको छ जुन वार्षिक लक्ष्यको २५ दशमलव ६१ प्रतिशत मात्र रहेको सूचना अधिकारी खड्काले जानकारी दिए । भन्सार कार्यालयले गत आव २०७९/८० मा पनि कुनै महिनामा राजस्व संकलन लक्ष्यमा पुग्न नसकेको जनाएको छ । गत आवमा वार्षिक राजस्व संकलनको लक्ष्य रू १२ अर्ब ३० करोड ६६ लाख रहेकामा रू आठ अर्ब २९ करोड ६३ लाख असुली भएको थियो । जुन लक्ष्यको ६७ दशमलव ४१ प्रतिशत मात्रै रहेको जनाइएको छ । आयातमा कमी भएसँगै राजस्व संकलनमा कमी आएको सूचना अधिकारी खड्काको भनाइ थियो । उनले भने, 'आयात घट्यो, बढी राजस्व असुली हुने सामान आयातमा कमी आयो । त्यसले राजस्व संकलनमा पनि कमी आएको हो ।' उनका अनुसार राजस्व संकलनको लक्ष्य वृद्धि पनि ४० प्रतिशतले बढेर आएकाले राजस्व संकलन लक्ष्यमा पुग्न नसकेको हो । -रासस

## छ करोडभन्दा बढीको अदुवा गाउँबाट

रुकुमपश्चिमको त्रिवेणी गाउँपालिकाबाट छ करोड भन्दा बढीको अदुवा बिक्री भएको छ । पालिकाभर दुई हजार छ सय किसानले उत्पादन गरेको अदुवा बिक्रीबाट छ करोड २४ लाख आम्दानी भएको त्रिवेणी गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका कृषि शाखा प्रमुख रमेश पुनले यस वर्ष १५ लाख ६० हजार केजी अदुवा उत्पादन भएको जानकारी दिए । गाउँपालिका भित्र अदुवाखेती गर्ने दुई हजार छ सय घरधुरी रहेका र पाँच हजार दुईसय रोपनी क्षेत्रफलमा अदुवा उत्पादन हुने गरेको जनाइएको छ । एक रोपनी जग्गामा तीन सय केजी अदुवा उत्पादन हुने गरेको उनले जानकारी दिए । प्रत्येक किसानले गाउँबाटै एक क्विन्टललाई रु चार हजारका दरले बिक्री गरेका छन् । अदुवाका लागि व्यापारी गाउँमै पुगेर खरिद गर्ने गरेकाले बजारको समस्या नरहेको कृषि शाखाले जनाएको छ । व्यावसायिकरूपमा अदुवाखेती गरेका त्रिवेणी-४ खुम्चेरीका नरे खड्काले यस वर्ष अदुवा बिक्रीबाट रु एक लाख आम्दानी गरेको बताए । विगत २० वर्षदेखि अदुवाखेतीमा लागेका उनले निरन्तर खेती गर्दै आएका छन् । यस वर्ष उत्पादन भएको साढे तीन क्विन्टल बीउका लागि र १२ क्विन्टल प्रतिक्विन्टल रु चार हजारदेखि आठ हजारका दरले बिक्री गरेको उनले बताए । त्रिवेणी-४ खुम्चेरीका ५५ वर्षीय कृषक हरिबहादुर खड्काले यस वर्ष अदुवा राम्रो उत्पादन भएको जानकारी दिए । तीस वर्षदेखि निरन्तर कृषि पेसा गर्दै आएका उनले यस वर्ष अदुवा बिक्रीबाट रु एक लाख ५० हजार आम्दानी गरेको बताए । अदुवा गाउँबाटै प्रतिक्विन्टल रु चार हजार र बीउका लागि प्रयोग हुने अदुवा प्रतिक्विन्टल रु आठ हजार देखि १० हजारसम्म बिक्री भएकामा उनी खुसी छन् । 'पहिले एक क्विन्टल अदुवाबाट सात क्विन्टल उत्पादन गरिन्थ्यो, उमेर पनि ढल्किँदै गयो अहिले त एक क्विन्टल अदुवाबाट तीनदेखि चार क्विन्टलसम्म उत्पादन गर्ने गरेको छु', उनले भने । यस वर्ष बीउका लागि १२ क्विन्टल अदुवा भण्डारण गरेर राखेको किसान खड्काले बताए । -रासस

# शिक्षण सिकाइको माध्यमलाई बहुभाषिक बनाउन जोड




**पाल्पा,** पौष १४/शिक्षण सिकाइको माध्यमलाई बहुभाषिक बनाउनुपर्नेमा जोड दिइएको छ । बालबालिकाको सिकाइ उपलब्धिमा प्रभावकारी र राम्रो बनाउन शिक्षण सिकाइ माध्यमको भाषालाई बहुभाषिक बनाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका हुन् ।

घरमा मातृभाषा बोल्ने तर विद्यालयमा शिक्षण सिकाइ भाषा अर्को हुँदा सिकाइ उपलब्धी कमोजर भएको भन्दै यसको सुधारका लागि जिल्लाको माथागढी गाउँपालिकाले संवाद थालेको छ । सो संवादमा सरोकारवालाहरुले शिक्षण सिकाइको माध्यमलाई नै बहुभाषिक बनाउन सके विद्यार्थीको सिकाई प्रभावकारी बन्नेमा जोड दिएका हुन् । माथागढीमा अधिकांश विद्यार्थीहरु मगरभाषा मातृभाषा रहेका विद्यार्थी रहेका छन् । ब्रिटिश काउन्सिल नेपालसँगको सहकार्यमा शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति बीच भएको संवादमा शिक्षणको माध्यम भाषालाई बहुभाषिक बनाउने नीतिगत व्यवस्था हुनुपर्नेमा जोड दिइएको छ । पालिका अध्यक्ष यमबहादुर चिदीले बहुभाषिक शिक्षण गर्न जरुरी रहेकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकलाई स्थानीय मातृभाषा बनाउने र विद्यालयमा पठाउने सोच राखेको बताए । कक्षा ३ सम्म मातृभाषासँगै विद्यार्थीलाई विद्यालयमा शिक्षण गर्ने बनाउन सकिएमा सिकाइ उपलब्धिमा सुधार हुने अपेक्षा रहेको उनले बताए । संवाद कार्यक्रमा प्रमुख अतिथि प्रदेश सभा सदस्य खेमबहादुर सारुले शिक्षालाई श्रम, सीप, रोजगारी, उत्पादनसँग जोड्न अनिवार्य रहेको बताउँदै शिक्षण सिकाइ सतही बन्दै गएकाले बहुभाषिक शिक्षण विधिको प्रयोग र सिकाईलाई गहन बनाउनुपर्ने सुझाव दिए । ब्रिटिश काउन्सिल नेपालका वरिष्ठ कार्यक्रम अधिकृत भोगेन्द्र लामिछानेले शिक्षकहरुमा शिक्षण सीपको विकास, गुणस्तरीय शैक्षिक सामग्रीको प्रयोग, शिक्षकहरुमा विषय वस्तुको ज्ञान र व्यवस्थापन समितिको सहयोगबाट शिक्षामा सुधार हुने बताए ।

सक्षम संवाद कार्यक्रम पालिकाका सामाजिक विकास संयोजक राजकुमार पन्थी, ब्रिटिश काउन्सिल, नेपालका कार्यक्रम अधिकृत सुर्दशन सुवेदी, ब्रिटिश काउन्सिल लुम्बिनीका संयोजक अशेष भट्टराई, निमित्त प्रमुख प्रशासकीय अधिकृत नित्यानद खनाल, वडाध्यक्ष तेज बहादुर घर्ती, शिक्षा शाखा प्रमुख प्रेम बहादुर बारघरे, सक्षम कार्यक्रम संयोजक लोकेन्द्र थापा लगायतले विद्यार्थीको अवस्था र अभिभावको चाहना अनुसार शिक्षण सिकाई उपलब्धी बढ्ने गरी शिक्षण माध्यमको भाषा छनौट गर्नुपर्ने सुझाव दिएका थिए ।

# भण्डारीको संयोजकत्वमा 'विधागत पत्रकारिता प्रवर्द्धन'

**पाल्पा,** पुस १४/नेपाल प्रेस युनियनले विधागत पत्रकारिताको विकासका लागि विधागत पत्रकारिता प्रवर्द्धन विभाग गठन गरेको छ । युनियनका केन्द्रीय उपाध्यक्ष जीवन भण्डारीको संयोजकत्वमा विभिन्न विधामा क्रियाशील पत्रकारहरुलाई समेटेर युनियनले विभाग गठन गरेको हो ।




युनियनका अध्यक्ष शिव लम्सालले उपाध्यक्ष भण्डारीलाई यसअघि नै विभागीय संयोजक तोकेका थिए भने सदस्यहरु शुक्रबार नियुक्त गरेर विभाग गठन गरेका हुन् ।


विभागका सदस्यहरुमा सूचना प्रविधि बिटबाट युनियनका सचिव सहदेव चौधरी, अनलाइनबाट सचिव छायाँचन्द्र भण्डारी, टीभीबाट सचिव अशोक तिवारी, रेडियोबाट सचिव नरहरि सापकोटा, कला साहित्यबाट केन्द्रीय सदस्य लोकराज अधिकारी, स्थानीय मामिलाबाट केन्द्रीय सदस्य शोभा केसी, संसदीय मामिलाबाट विष्णु खड्का, उर्जाबाट लक्ष्मण वियोगी, पर्यटनबाट मधुजंग पाण्डे, कृषिबाट राजेश बर्मा र स्वास्थ्यबाट बुद्धि कटेललाई नियुक्त गरिएको महासचिव दिलिप पौडेलद्धारा जारी वक्तव्यमा उल्लेख छ । विभागका बाँकी सदस्यहरु भने पछि नियुक्त गरिने विभागीय प्रमुख भण्डारीले जानकारी दिए । पछिल्लो समय विधागत पत्रकारिता ओझेलमा परेकाले पत्रकारिताको गुणस्तर नै खस्किँदै गएका बेला युनियनले विधागत पत्रकारितालाई प्रवर्द्धन गर्न छुट्टै विभाग गठन गरेको महासचिव पौडेलले बताए ।

# आज 'पुसे पन्ध्र'...

...यो पर्वमा दिनमाभन्दा रातिको समयमा एक ठाउँमा भेला भएर मीठो मसिनो खाँदै कथा तथा दन्त्य कथा सुनाउनुलाई विशेष महत्वका रुपमा लिने गरिएको छ । पुसे १५ मा टोल छिमेकको एक घरमा भेला भई आगो तापेर रातभर जाग्रम बस्ने, जाग्रम बसेका बेला तरुल, पिँडालु, सखरखण्ड लगायतका कन्दमूलका साथै पाकेको फर्सी उसिनेर खाने गरेको पाल्पा रैनादेवी छहराकी मुना रायमाझीलाई अझै सम्झना छ । यो पर्वमा विवाह भएर गएकी छोरीलाई पनि घरमा बोलाई भव्य रूपमा स्वागत सत्कार गर्ने गरिन्छ । विशेषगरी रातमा नसुतेर यो पर्व मनाउने परम्परा रहे पनि बदलिँदो परिवेशमा यसको खास महत्व दर्शाउने गरी मनाउने परम्परा भने हराउँदै जान थालेको छ । पहिले पहिले तिहारमा भैलो खेलेर जम्मा भएको रकमबाट पुस १५ मै पिक्नीक अर्थात् 'वनभोज' खाने गरिन्थ्यो । पुस १५ मा घरबाहिर पकाएर खानुपर्ने मान्यताका कारण परिवारका सबै सदस्य 'वनभोज' जाने र मीठामीठा खानेकुरा खाने चलन पनि विगतदेखि नै चल्दै आएको हो । आजकै दिन गुरुङ समुदायले 'तमु ल्होसार' अर्थात् नयाँ वर्ष पनि मनाउँदैछन् । पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गर्न तमु ल्होसार मनाउने चलन रहेको छ । 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनुभएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । तमु ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रुपमा भव्यरुपमा मनाउँछन् । 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वत लगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो । यसपछि क्रमश: तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ । पर्वका अवसरमा आज सरकारले देशभर सार्वजनिक बिदा समेत दिएको छ ।

## खेलकुद समाचार

# कर्णाली सबै ७ खेलमा पराजित



**काठमाडौं,** पुस १४/प्रधानमन्त्री कप महिला टी-२० प्रतियोगितामा मधेश प्रदेशसँग ७८ रनले पराजित हुँदै कर्णाली जितविहीन हुँदै प्रतियोगिता अन्त्य गरेको छ ।

मधेशको जितमा पूजा महतोले अलराउन्डर प्रदर्शन गरिन् । ब्याटिङमा ४९ रन बनाएकी उनले बलिङमा ४ विकेट लिइन् । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको मधेशले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ९९ रन बनाएको थियो । १०० रनको लक्ष्य पछ्याएको कर्णाली ९.३ ओभरमा २१ रनमा अलआउट भयो । कर्णालीका लागि बिना थापाले सर्वाधिक १२ रन बनाउँदा ९ खेलाडी शून्यमा आउट भए ।

मधेशका लागि पूजा महतोले ४, सरस्वती कुमारी चौधरीले ३, आरती महतोले २ र कविता गौतमले १ विकेट लिए । पहिले ब्याटिङ गरेको मधेशका लागि ओपनर पूजा महतोले ५० बल खेलेर ४९ रन जोड्ने क्रममा ६ चौका प्रहार गरिन् । सरस्वती कुमारी चौधरीले १८ रन बनाइन् । अन्य कुनैले दोहोरो अंकमा रन बनाउन सकेनन् । कर्णालीका लागि तिर्सना विश्वकर्माले सर्वाधिक २, अञ्जु गुरुङ र बिना थापाले १/१ विकेट लिए । प्रधानमन्त्री कप महिला क्रिकेटमा कर्णालीले खेलेका सबै ७ खेलमा हार ब्यहोरेको छ । मधेशले भने ७ खेलमा ३ जित र ४ हार ब्यहोरेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# बालकुमारी घटना : मृतकका परिवारलाई दश लाख राहत



**पाल्पा,** पुस १४/ललितपुरको बालकुमारीमा शुक्रबार प्रदर्शनका क्रममा ज्यान गुमाएका दुई युवकका परिवारलाई सरकारले १०/१० लाख रुपैयाँ राहत उपलब्ध गराउने भएको छ । शनिबार बालुवाटारमा बसेको मन्त्रिपरिषद्को बैठकले घटनामा मृत्यु भएका दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको परिवारलाई प्रति परिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने निर्णय गरेको हो ।

बैठकले घटनामा घाइते भएकाहरूको उपचार खर्च सरकारले ब्यहोर्ने भन्दै शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेको छ । बैठकले घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरी कारबाही गर्न र भविष्यमा यस्ता घटना हुन नदिने निर्णय समेत गरेको छ । उक्त घटनामा परी घाइते भएकाको उपचारको प्रबन्ध पनि सरकारले मिलाउने भएको छ । घाइतेको उपचारका लागि अर्थमन्त्रालयले गृह मन्त्रालयलाई आवश्यक बजेट उपलब्ध गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । साथै सरकारले शान्तिसुरक्षा कायम गर्न सबैलाई आग्रह गरेको छ । श्रमका लागि कोरिया जाने भाषा परीक्षामा सहभागी नगराएको भन्दै युवाहरूले गरेको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा शुक्रबार दुई जनाको ज्यान गएको थियो । युवाले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको गाडी जलाइदिएका छन् भने नियन्त्रणमा लिन भन्दै प्रहरीले चलाएको गोलीबाट अन्य कैयौं घाइते भएका छन् । गत साउनमा कोरियाको रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत पानीजहाज निर्माण गर्ने कामका लागि लिइएको भाषा परीक्षामा सामेल परीक्षार्थीले 'उत्पादनमूलक' अर्को रोजगारीमा जान भाषा परीक्षामा भाग लिन माग गरेका थिए । तर ईपीएसको मापदण्ड अनुसार तत्काल अर्को परीक्षामा भाग लिन नमिल्ने भनिएपछि युवाहरू आक्रोशित भएका थिए । सरकारले छानविन नटुंगिएसम्म गोली चलाउन आदेश दिने डिएसपी, मन्त्रीका पीएसओ र उपसचिव लगायतका कर्मचारीलाई निलम्बन गरेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई